गल्छी गाउँपालिकाको ६६ औं कार्यपालिका बैठक

बैठक संख्याः ६६औं

मिति २०८३/०२/२६

समयः बिहान ११:३० बजे

स्थानः गल्छी गाउँ कार्यपालिकाको कार्यालय, बैरेनी

आज मिति २०८३/०२/२६ गते यस गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीहरुको समुपस्थितिमा बसी देहायका निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केदारनाथ खतिवडा | अध्यक्ष | |
| २ | श्री भाईकाजी तिवारी | उपाध्यक्ष | |
| ३ | श्री यदुकुमार खतिवडा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री षडानन्द खनाल | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री राजन भुजेल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राजु अधिकारी | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री सरोज लामा तामाङ | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री दिपक कुमार कार्की | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री हरि प्रसाद खतिवडा | ७ नं. वडा अध्यक्ष | |

गल्छी गाउँपालिकाको ६६ औ कार्यपालिका बैठक

| | | | |
|---|---|---|---|
| १० | श्री विशाल लुङ्गेली मगर | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष कुमारी खनाल | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी अधिकारी | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री जानुका धिताल | कार्यपालिका सदस्य | |
| १५ | श्री सृजना घले | कार्यपालिका सदस्य | |
| १६ | श्री रमेश भुजेल | कार्यपालिका सदस्य | |
| १७ | श्री पुर्ण प्रसाद दुलाल | सचिव | |

आमन्त्रित: १) स.ले.अ. श्री ईश्वरीचन्द्र अधिकारी
२) अधिकृत छैठौं श्री पशुपति आचार्य
३) स.ले.अ. श्री मोहन प्रसाद पाण्डे
४) सि.रि.अ. श्री ठाकुर नाथ ढुंगाना

प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा ।
२. संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०८३/८४ को बजेट सिमा निर्धारण सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ बागमती प्रदेश, नेपाल

गल्छी गाउँपालिकाको ६६ औ कार्यपालिका बैठक

## प्रस्तावहरु तथा निर्णयहरु

### प्रस्ताव नं १

संगठन तथा ब्यबस्थापन सर्भेक्षण (o & M) प्रतिबेदन पारित गर्ने सम्बन्धमा।

### निर्णय नं १

गल्छी गाउँपालिका संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) प्रतिबेदन, २०८२ तयार भई कार्यपालिका बैठकबाट गाउँसभाको १४ औं अधिबेशनमा पेश भएको र गाउँ कार्यपालिकाको ६५ औ बैठकबाट संघीय सरकारबाट जारी भएको **संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड , २०८२** को दफा ७ (१इ)बमोजिम हुनेगरी अन्तिम प्रतिवेदन मस्यौदा तयार गरी प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित **सर्वेक्षण समितिले** मापदण्ड बमाजिम चरणबध्द छलफल गरि तैयार पारेको मस्यौदा उपर छलफल गरियो । केहि शाखा तथा कार्यहरुमा थप छलफल गर्नु पर्ने भएकोले पुन अर्को बैठकमा छलफल गर्ने निणय गरियो ।

### प्रस्ताव नं २

कार्यबिधिहरू पारित गर्ने सम्बन्धमा ।

### निर्णय नं २

गाउँ कार्यपालिका बैठकमा पेश भएका तपसिल बमाजिमका कार्यबिधिहरूका सम्बन्धमा छलफल गरि पारित गर्ने निणर्य गरियो ।

१. बालि तथा पशुबिमाका प्रिमियम अनुदान कार्यक्रम सञ्चालन कार्यबिधि, २०८३
२. दुग्ध उत्पादन तथा बिक्रिमा आधारित अनुदान वितरण कार्यबिधि, २०८३